# महालेखापरीक्षकको कार्यालय

# सार्वजनिक अनुरोध

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ र अन्य प्रचलित कानूनले तोके बमोजिम स्थानीय तह समेतका निकायहरुको आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण गर्न २०७४ कार्तिक ६ बाट मंसिर ५ सम्म खोटाङ, सुर्खेत, रोल्पा, पर्वत, भोजपुर, लमजुङ, गुल्मी, ओखलढुंगा, उदयपुर, इलाम, रुकुम, कास्की, सिन्धुपाल्चोक, धादिङ, पाँचथर, बाग्लुङ, प्युठान, गोरखा, रसुवा, दोलखा, दैलेख, नुवाकोट, जाजरकोट, तेह्रथुम, सल्यान, अर्घाखाँची, म्याग्दी, धनकुटा, रामेछाप, स्याङ्जा, सिन्धुली, पाल्पा, संखुवासभा, तनहुं समेत ३४ जिल्लामा यस कार्यालयबाट लेखापरीक्षण टोली खटाइएको छ । सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोग विकास निर्माण, राजस्व तथा खर्च र सेवा प्रवाहका सम्बन्धमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका विषय लेखापरीक्षणको सिलसिलामा हेर्न सकिने हुदाँ कुनै जानकारी भएमा यस कार्यालयबाट खटिएको लेखापरीक्षण टोली वा यस कार्यालयलाई जानकारी गराइदिनु हुन अनुरोध गरिन्छ ।

उल्लेखित ३४ जिल्लामा खटिने कर्मचारीको नाम, सम्पर्क नं समेतको विवरण कार्यालयको वेभसाइटमा राखिएको छ । साथै यस कार्यालयबाट सम्पादन गरिने कामको सम्बन्धमा गरिनुपर्ने सुधारका विषयमा कुनै सुझाव, सल्लाह एवं गुनासो भएमा देहायको ठेगानामा जानकारी गराई उद्देश्यमूलक, विश्वसनीय र गुणस्तरीय लेखापरीक्षण सम्पन्न गराउने कार्यमा सहयोग पुर्‍याउन सर्वसाधारण सबैमा अनुरोध गरिन्छ ।

<u>**पत्राचार वा सम्पर्क गर्ने ठेगाना**</u>

**महालेखापरीक्षकको कार्यालय, बबरमहल, काठमाडौं ।**

- पोष्ट बक्स नं. १३३२८,
- फ्याक्स नं. ०१–४२६२७९८, ४२६८३०९
- प्रवक्ता, नायब महालेखा परीक्षक, श्री उद्धवचन्द्र श्रेष्ठ ,मोवाइल नं. ९८५१००५०२८
- इमेलः oagnep@ntc.net.np, info@oag.gov.np
- वेभसाइटः www.oagnep.gov.np
- कार्यालयको उजुरी पेटिका
- सम्बन्धित जिल्लास्थित लेखापरीक्षण डोर मुकाम ।